केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३८/०६६/६७ मिति : २०६७/१/२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई निम्नानुसार परिमार्जन समेत गरी देहाय बमोजिमका नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ अनुसार देहायको निर्देशन जारी गरिएको छ ।

**क.** यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. १०/०६६ को बुँदा नं. १९.१ (हकप्रद शेयर बिक्री सम्बन्धमा) को (ङ) मा भएको व्यवस्थालाई देहाय बमोजिम **परिमार्जन** गरिएको छ ।

*इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानुन बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था गरी चुक्ता पुँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा सम्बन्धित बैंक/वित्तीय संस्थाले देहायका शर्तको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने र २ प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा यस बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्ने छ ।*

१. ***संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्ने छ । यसरी हक हस्तान्तरण गर्दा आफ्नै समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सक्ने छ ।*** *हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा यस बैंकबाट जारी निर्देशन अन्तरगत रही* ***लगानीको स्रोत र कर चुक्ता गरेको विषयसमेत*** *हेरी सम्बन्धित बैंक/वित्तीय संस्थाले नै हक हस्तान्तरण गर्नसक्ने छ ।*

२. ***खण्ड (१) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्था भएमा मात्र अन्य व्यक्ति वा संस्थालाई यस निर्देशनका अधिनमा रही शेयरको हक हस्तान्तरण गर्न सकिने छ । यसरी संस्थापक समूहको शेयरको हक हस्तान्तरण गरी लिने व्यक्ति वा संस्था पनि जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा समावेश हुने छ ।***

३. *प्रस्तावित संस्थापक शेयरधनी यस बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा भएको हुनुपर्ने छ ।*

४. ***प्रस्तावित संस्थापक शेयरधनी*** *कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको हुन नहुने ।*

५. *प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका* ***साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत*** *पेश गर्नुपर्ने छ ।*

६. ***उल्लिखित व्यवस्थाको अधिनमा रही हकप्रद शेयरको हक हस्तान्तरण गरेको विवरण यस बैंक समक्ष पेश गर्नुपर्ने छ ।***

<u>उपरोक्त व्यवस्था पश्चात देहायको नीतिगत व्यवस्था थप गरिएको छ</u> ।

*(च)* ***खण्ड (क) देखि (ङ) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनैपनि व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनैपनि व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन हुँदैन ।***

**ख.** यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी निर्देशन नं. बै.वि.नि.वि./नीति/परिपत्र /३/०६६/६७ मिति २०६६/०४/३० को बुँदा नं. ३ (वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धमा) देहाय बमोजिम प्रस्ट पारिएको छ ।

द्रष्टव्य १ यस दफाको प्रयोजनको लागि सरकारी सुरक्षणपत्र भन्नाले नेपाल सरकारले जारी गरेको बचतपत्र, विकास ऋणपत्र, ट्रेजरी विल्स तथा यस बैंकले तोकेको अन्य सुरक्षणपत्र सम्झनुपर्छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*तर, बजार निर्माता (**Market Maker**) को रुपमा कार्य गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले कारोबार (**Trading**) प्रयोजनको लागि नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग अन्तरगतको विशेष खाता (**Special Account**) मा रहेको सरकारी सुरक्षणपत्रको रकम नितान्त कारोबार (**Trading**) प्रयोजनको लागि मात्र हुने हुँदा सो सुरक्षणपत्रको रकम वैधानिक तरलता अनुपात* **(Statutory Liquidity Ratio, SLR)** *प्रयोजनको लागि सरकारी सुरक्षणपत्रमा गणना गर्न पाइने छैन ।*

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
६. श्री श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, बागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
९. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।